गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

90026

## भोटेकोशी नदीमा आएको विनाशकारी बाढी प्रभावित क्षेत्रका लागि रु १ करोड १ लाख ११ हजार १ सय ११ सहयोग घोषणा गरेको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ति

मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुर्नस्थापनाका लागि गरिमा विकास बैंक र विकास बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरु समेतको तर्फबाट कुल रु.१ करोड १ लाख ११ हजार १ सय ११ सहयोग गन घोषणा गरिएको छ ।

बाढी पश्चात उत्पन्न कठिन परिस्थितिबाट प्रभावित विभिन्न जिल्लाका नागरिकहरुको उद्धार, राहत तथा पुर्नस्थापना प्रयोजनको लागि कर्मचारीहरुको तर्फबाट एक दिनको तलब तथा भत्ता बराबरको रकम रु.१६,२०,५५०/- (अक्षरेपी सोह्र लाख बिस हजार पाँच सय पचास मात्र) र बैंकको तर्फबाट नगद रु.३४,९०,५६१/- (अक्षरेपी चौंत्तिस लाख नब्बे हजार पाँच सय एकछठ्ठी मात्र) समेत जम्मा रकम रु.५१,११,१११/- (अक्षरेपी एकाउन्न लाख एघार हजार एक सय एघार मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरिएको छ ।

साथै, विकास बैंकले प्रभावित क्षेत्रको शिक्षा, स्वास्थ्य तथा नागरिकको पुर्नस्थापना सम्बन्धी कार्यक्रममा संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कोषबाट स्थानीय निकायसँगको समन्वयमा थप रु.५०,००,०००/- (अक्षरेपी पचास लाख मात्र) बराबरको प्रत्यक्ष सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

गरिमा विकास बैंक लिमिटेडले यस अकल्पनीय प्राकृतिक विपद्मा परी ज्यान गुमाउनु भएका सम्पूर्ण नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ । साथै, घाइते तथा प्रभावित सम्पूर्ण नागरिकको शीघ्र स्वास्थ्यलाभ र सुरक्षित पुर्नस्थापनाको कामना गर्दै यस विपद्को कठिन घडीमा प्रभावित नागरिक, स्थानीय समुदाय, सरकारी निकाय, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्यबाट राहत, पुर्नस्थापना र पुनर्निमाणका प्रयासलाई थप प्रभावकारी बनाउन सकिने विश्वास व्यक्त गर्दछौं ।

भवदीय,

GARIMA BIKAS BANK LIMITED गरिमा विकास बैंक लिमिटेड HEAD OFFICE: BALUWATAR, KATHMANDU

अनिल रेग्मी
नायब प्रमुख कार्यकारी अधिकृत
मिति : २०८३/०५/३०